# विद्युत नियमन आयोग (खुल्ला पहुँच) निर्देशिका, २०८२ (२०२५)

**विद्युत नियमन आयोगको मिति ..... मा बसेको ... औं बैठकद्वारा स्वीकृत**

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १४ (ङ) र दफा १४ (ञ) ले दिएको अधिकार प्रयोग गरी दफा ४३ बमोजिम विद्युत नियमन आयोगले देहायबमोजिमको निर्देशिका जारी गरेको छ।

**१. संक्षिप्त नाम तथा प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "विद्युत नियमन आयोग (खुल्ला पहुँच) निर्देशिका, २०८२" रहेको छ।

(ख) यस निर्देशिका विद्युत नियमन आयोग ऐन, २०७४ (२०१७) को दफा १४ (ङ) र दफा १४ (ञ) अन्तर्गतको आयोगको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण विषयहरुमा लागु हुनेछ।

(ग) ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले जारी गरेको "जेनेरल नेटवर्क एक्सेस फ्रेमवर्क" को परिच्छेद ५ को बुँदा ५.१.१ अन्तर्गत रही जारी गरिएको हो।

(घ) यस निर्देशिका आयोगले तोकेको मितिबाट लागु हुनेछ।

**२. परिभाषा**

(१) विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "ऐन" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ (२०१७) बुझ्नुपर्छ।

(ख) "लेखा महिना" भन्नाले नेपाली पात्रोको हरेक महिनाको प्रथम दिन र अन्तिम दिन एवम् त्यस बीचको अवधि बुझ्नुपर्छ।

(ग) "खुल्ला पहुँच आवेदक" भन्नाले यस निर्देशिकाको दफा ४ बमोजिमको निकाय बुझ्नुपर्छ।

मस्यौदा

(घ) "उपलब्ध क्षमता" भन्नाले प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँच प्रदान गर्न मिल्ने नोडल एजेन्सीले तोकेबमोजिमको उपलब्ध क्षमता बुझ्नुपर्छ।

(ङ) "क्याप्टिभ विद्युत उत्पादन केन्द्र" भन्नाले कुनै पनि व्यक्तिले मुलतः आफ्नै प्रयोगको लागि स्थापना गरेको विद्युत उत्पादन केन्द्र बुझ्नुपर्छ र यस परिभाषाले कुनै सहकारी वा व्यक्तिहरुको समूहले मुलतः त्यसै सहकारी वा समूहको प्रयोजनको लागि स्थापना गरेको विद्युत उत्पादन केन्द्र समेत समेट्ने बुझ्नुपर्छ। "क्यप्टिभ विद्युत उत्पादन केन्द्र" को योग्यतासम्बन्धी मापदण्ड आयोगले तोकेबमोजिम हुनेछ।

(च) "आयोग" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ (२०१७) बमोजिम स्थापना भएको विद्युत नियमन आयोग बुझ्नुपर्छ।

(छ) "कन्ट्रयाक्ट डिमाण्ड" भन्नाले विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्ति तथा उपभोक्ताको बीचमा भएको विद्युत आपूर्तिसम्बन्धी सम्झौता अथवा अन्य लिखित सम्झौतामार्फत आपसमा सम्झौता भए बमोजिमको किलोभोल्ट एम्पियर (kilovolt Ampere (kVA)) अथवा मेगाभोल्ट एम्पियर (megavolt ampere (MVA)) मा उल्लेख गरिएको डिमाण्ड (माग) बुझ्नुपर्दछ।

(ज) "अन्तरदेशीय विद्युत व्यापार" भन्नाले नेपाल र अन्य कुनै देशहरु बीचका निकायहरु बीच विद्युत आयात एवम् निर्यातसम्बन्धी कारोबार बुझ्नुपर्छ।

(झ) "कन्जेसन" भन्नाले कुनै प्रसारण अथवा वितरण प्रणालीको विद्युत प्रसार गर्ने क्षमता भन्दा त्यस प्रणालीमा बग्न सेड्यूल गरिएको ऊर्जा बढि भएको स्थिति बुझ्नुपर्छ।

(ञ) "दिन" भन्नाले नेपाली समयको ००:०० मा सुरु भई २४:०० मा अन्त्य हुने दिन बुझ्नुपर्छ।

मस्यौदा

(ट) “विष्तृत कार्यविधि” भन्नाले नोडल एजेन्सीले तयार पारी आयोगद्वारा स्वीकृत गरिएको खुल्ला पहुँचसम्बन्धि विष्तृत कार्यविधि बुझ्नुपर्छ।

(ठ) “डेभिएसन सेटलमेन्ट मेकानिजम” भन्नाले प्रणालीमा ऊर्जा प्रवेश (inject) गराउँदा अथवा प्रणालीबाट ऊर्जा प्राप्ति (drawal) गर्दा सेड्युल गरिएको ऊर्जाको मात्रामा हुने विचलनबापतको शुल्क अथवा दण्डसम्बन्धी आयोगले तोकेको व्यवस्था बुझ्नुपर्छ।

(ड) “सेड्युलिङ” भन्नाले प्रणाली सञ्चालकले निश्चित अवधिभित्र प्रसारण प्रणालीमा विद्युत निर्यात (inject) गर्न वा आयात (drawl) गर्न पूर्व नै स्वीकृति दिने कार्य बुझ्नुपर्छ।

(ढ) “वितरण शुल्क” वा “व्हिलिङ्ग शुल्क” भन्नाले वितरण प्रणालीको प्रयोग वापत खुल्ला पहुँच प्रयोगकर्ताले तिर्नुपर्ने शुल्क।

(ण) “वितरण अनुमतिपत्रप्राप्त व्यक्ति” भन्नाले विद्युत ऐन, २०४९ (१९९२) तथा विद्युत नियमावली, २०५० (१९९३) अनुरुप विद्युत वितरण गर्न अनुमति प्राप्त गरेको व्यक्ति बुझ्नुपर्छ।

(त) “वितरण ह्रास” अथवा “व्हिलिङ्ग ह्रास” भन्नाले वितरण प्रणालीमा प्रवेश गरेको ऊर्जाको प्रतिशतको रुपमा गणना गरिएको वितरण प्रणालीमा प्रवेश गरेको ऊर्जा र वितरण प्रणालीबाट प्राप्त गरिएको ऊर्जाको भिन्नतालाई बुझ्नुपर्छ।

(थ) “वितरण प्रणाली” भन्नाले प्रसारण लाइनको डेलिभरी बिन्दु वा उत्पादन केन्द्रको जडान विन्दु देखि नेपाल भित्रका उपभोक्ताको जडान बिन्दुसम्म रहने तार तथा सम्बद्ध उपकरणहरुसहितको प्रणाली बुझ्नुपर्छ।

(द) “प्राप्ति विन्दु” अथवा “Drawl Point” भन्नाले प्रसारण वा वितरण प्रणालीबाट विद्युत ग्रहण गरिने विन्दु बुझ्नुपर्छ।

(ध) “लागु हुने मिति” भन्नाले यस निर्देशिका लागु हुने आयोगले तोकेको मिति बुझ्नुपर्छ।

मस्यौदा

(न) “विद्युत ऐन” भन्नाले विद्युत ऐन २०४९ (१९९२) बुझ्नुपर्छ।

(प) “ग्रीड संहिता” भन्नाले आयोगद्वारा जारी नेपाल विद्युत ग्रीड संहिता, २०८० (२०२३) बुझ्नुपर्छ।

(फ) “उत्पादन कम्पनी” भन्नाले नेपाल सरकारको प्रचलित कानून बमोजिमको विद्युत उत्पादन अनुमति पत्र प्राप्त व्यक्ति बुझ्नुपर्छ।

(ब) “प्रवेश विन्दु” अथवा “Injection Point” भन्नाले प्रसारण वा वितरण प्रणालीमा विद्युत निर्यात गरिने बिन्दु बुझ्नुपर्छ।

(भ) “दीर्घकालीन खुल्ला पहुँच” भन्नाले पाँच (५) बर्ष भन्दा बढी तर विद्युत खरिद बिक्री सम्झौताको अवधि भन्दा बढी नहुने गरी प्राप्त प्रसारण तथा/अथवा वितरण प्रणालीको प्रयोग गर्ने अधिकार बुझ्नुपर्छ।

(म) “मध्यकालीन खुल्ला पहुँच” भन्नाले एक (१) बर्षभन्दा अधिक तर पाँच (५) बर्ष भन्दा बढी नहुने गरी प्राप्त प्रसारण तथा/अथवा वितरण प्रणालीको प्रयोग गर्ने अधिकार बुझ्नुपर्छ।

(य) “मन्त्रालय” भन्नाले नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय बुझ्नुपर्छ।

(र) “नोडल एजेन्सी” भन्नाले प्रणाली सञ्चालक वा नेपाल सरकारद्वारा तोकिएको अन्य निकाय बुझ्नुपर्छ। अर्को व्यवस्था नभए बमोजिमका लागि, नेपाल विद्युत प्राधिकरणको प्रणाली सञ्चालन विभागले यस निर्देशिकाको दफा ६ मा उल्लेख गरेबमोजिमको जिम्मेवारी बहन गर्नेछ।

मस्यौदा

(ऱ) "खुल्ला पहुँच" भन्नाले यस निर्देशिकाबमोजिम आवेदनकर्तालाई प्रसारण प्रणाली तथा/अथवा वितरण प्रणाली अथवा त्यस सम्बद्ध संरचनाको प्रयोग गर्न दिने सम्बन्धी विभेदविहिन व्यवस्था बुझ्नुपर्छ।

(ल) "खुल्ला पहुँच सम्झौता" भन्नाले खुल्ला पहुँच आवेदनकर्ता तथा खुल्ला पहुँच प्रदान गर्ने निकायसम्बन्धी व्यवस्था बुझ्नुपर्छ।

(व)"खुल्ला पहुँच दस्तुर" भन्नाले खुल्ला पहुँच प्रदान गरेबापत प्रणाली सञ्चालक तथा/अथवा प्रसारण अनुमतिपत्र प्राप्त व्यक्ति तथा/अथवा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई तिर्नुपर्ने आयोगले निर्धारण गरेबमोजिमको दस्तुर बुझ्नुपर्छ।

(श) "खुल्ला पहुँच उपभोक्ता" (यसपश्चात "उपभोक्ता" भनिएको) भन्नाले आफ्नो वितरण क्षेत्रको वितरण अनुमतिपत्र प्राप्त व्यक्तिबाहेक अन्य व्यक्तिसंग खुल्ला पहुँच मार्फत विद्युत आपूर्ति लिने नोडल एजेन्सीले अनुमति दिएको उपभोक्ता बुझ्नुपर्छ।

(ष) "खुल्ला पहुँच ग्राहक" भन्नाले प्रसारण प्रणाली तथा/वा वितरण प्रणाली प्रयोग गरी आफ्नो वितरण क्षेत्रको वितरण अनुमतिपत्र प्राप्त व्यक्तिबाहेक अन्य व्यक्तिसंग खुल्ला पहुँच मार्फत विद्युत आपूर्ति लिने वा लिन इच्छुक व्यक्ति बुझ्नुपर्छ र यस शब्दले विद्युत उत्पादन, अनुमतिपत्र प्राप्त व्यक्ति, अन्य अनुमतिपत्र प्राप्त व्यक्ति एवम् क्याप्टिभ प्रयोगकर्ता समेत बुझ्नुपर्छ।

(स) "अल्पकालीन खुल्ला पहुँच" भन्नाले एक बर्षसम्मका लागि प्रसारण तथा/वा वितरण प्रणाली प्रयोग गर्न पाउने अधिकारलाई बुझ्नुपर्छ।

(ह) "स्रोत" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिको उत्पादन केन्द्र, क्याप्टिभ उत्पादन केन्द्र, व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति, पावर एक्सचेन्ज, वितरण अनुमतिपत्र प्राप्त व्यक्ति, वा आयोगले स्वीकृत गरेका अन्य कुनै स्रोत अथवा तीनको सम्मिश्रण बुझ्नुपर्छ।

मस्यौदा

(क्ष) "विशेष मिटर" भन्नाले प्रणाली सञ्चालकले तोकेबमोजिमको समयको सापेक्षमा सक्रिय ऊर्जा (Active Energy) र भोल्टेजको सापेक्षमा प्रतिक्रियात्मक ऊर्जा (Reactive Energy) मापन गर्न सक्ने मिटर बुझ्नुपर्छ।

(त्र) "स्टयान्ड-बाई शुल्क" भन्नाले खुल्ला पहुँच उपभोक्ताले उत्पादन गृह, प्रसारण लाइन तथा अन्य कुनै संरचना बन्द हुन पुगेका कारण विद्युत खरिद सम्झौता भएको विद्युत उत्पादन गृह अथवा विद्युत व्यापार अनुमतिपत्र प्राप्त व्यक्तिबाट विद्युत प्राप्त गर्न नसक्दा वितरण अनुमति पत्र प्राप्त व्यक्तिले प्रदान गर्ने वैकल्पिक आपूर्तिका लागि खुल्ला पहुँच उपभोक्ताले तिर्नु पर्ने शुल्क बुझ्नुपर्छ।

(ज्ञ) "सरचार्ज" भन्नाले विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई क्रस-सब्सिडीमा हुने ह्रास (loss) का लागि र उत्पादन आयोजनाहरुको प्रयोगहिनताको क्षतिपूर्ति स्वरूप खुल्ला पहुँच उपभोक्ताबाट असुल गरिने आयोगले निर्धारण गरेबमोजिमको शुल्क बुझ्नुपर्छ।

(कक) "प्रणाली संचालक" भन्नाले नेपाल सरकारले तोकेको निकाय बुझ्नुपर्छ।

(खख) "समयावधि" अथवा "टाइम-ब्लक" भन्नाले प्रथम अवधि ००:०० बजे सुरु हुने, १५-१५ मिनेटको समयावधिहरु बुझ्नुपर्छ र हरेक त्यस्ता अवधिहरुमा विशेष ऊर्जा मिटरले विद्युतसम्बन्धि तोकिएको चर (variable) र मात्रा (quantity) रेकर्ड गर्दछ। सेड्युलिङ् र लेखा प्रयोजनको लागि यो सबै भन्दा सानो समयको इकाई हुनेछ र यो आयोगले स्वीकृत गरेको ग्रीड कोड बमोजिम हुनेछ।

(गग) "प्रसारण दस्तुर" भन्नाले प्रसारण प्रणाली प्रयोग गरे बापत खुल्ला पहुँच ग्राहकले तिर्नु पर्ने आयोगले निर्धारण बारेबमोजिमको दस्तुर बुझ्नुपर्छ।

(घघ) "प्रसारण प्रणाली" भन्नाले नेपालको भूभाग भित्र वा नेपालको सीमा पार विद्युत प्रसारणका लागि विद्यमान कुनै अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रसारण सेवा प्रदायकद्वारा

मस्यौदा

निर्मित, सोको स्वामित्वमा रहेको, सोद्वारा संचालित, रेखदेख (maintain) गरेको वा सोको नियन्त्रणमा रहेको प्रणाली बुझ्नुपर्छ। यसले प्रसारण लाइन, सब-स्टेसन, नियन्त्रण तथा अनुगमन (Control And Monitoring) एवम् सम्बन्धित पूर्वाधार तथा उपकरण बुझ्नुपर्छ।

(ङङ) "कार्य-दिन" भन्नाले कारोबारका लागि बैंक खुल्ला रहने दिन बुझ्नुपर्छ।

(चच) "बर्ष" भन्नाले नेपालको आर्थिक बर्ष बुझ्नुपर्छ।

(छछ) "किलोवाट-घण्टा" अथवा "युनिट" भन्नाले विद्युतीय ऊर्जाको मापन गर्ने इकाई बुझ्नुपर्छ।

(२) यस निर्देशिकामा प्रयोग भएका तर परिभाषित नभएका शब्द तथा वाक्यांशहरुको अर्थ ऐनमा उल्लेख भएबमोजिम हुनेछ। ऐनको परिभाषासंग यस निर्देशिकाको परिभाषित बाझिएमा ऐन बमोजिम हुनेछ।

## ३. निर्देशिका कार्यान्वयन हुने क्षेत्र

यस निर्देशिका, दफा ४ (१) (ग) ले तोकेको र नेपाल सरकारले बनाएका नियम/कार्यविधिहरुमा उल्लेख गरिएको सिमा भित्र रही, प्रसारण प्रणाली (६६ के.भी. तथा सो भन्दा माथि) तथा वितरण प्रणाली (३३ के.भी. ग्रीड-सबस्टेसन) को खुल्ला पहुँचका लागि लागु हुनेछ।

## ४. आवेदनका लागि योग्यता

(१) खुल्ला पहुँचका लागि आवेदन दिन देहाय बमोजिमका निकायहरु योग्य हुनेछन्ः

(क) प्रसारण प्रणाली (६६ के.भी. तथा सो भन्दा माथि) वा प्रसारण प्रणाली (३३ के.भी. ग्रिड-सबस्टेसन) मा आबद्द ५ मे.वा. वा सोभन्दा बढि जडित क्षमता भएको उत्पादन

मस्यौदा

प्लान्टको स्वामित्व रहेको वा संचालन गर्ने वा स्वामित्वमा लिन तथा संचालन गर्न इच्छा भएको अनुमतिप्राप्त उत्पादन कम्पनी; वा

(ख) ११ के.भी. वा सो भन्दा माथिको भोल्टेज स्तरमा न्यूनतम १ मेगावाट खुला पहुँच आवश्यकता भएको क्याप्टिभ विद्युत उत्पादन गृह; वा

(ग) ३३ के.भी. वा सो भन्दा माथिको भोल्टेज स्तरमा आबद्ध भई ५ मेगावाट वा सो भन्दा बढीको कन्ट्र्याक्ट डिमाण्ड (Contract Demand) भएका औद्योगिक वा व्यावसायिक उपभोक्ता; वा

(घ) वितरण अनुमति पत्र प्राप्त व्यक्ति (Distribution Licensee); वा

(ङ) विद्युत व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति

तर, खुला पहुँच (Open Access) कारोबारका लागि न्यूनतम मात्रा १ मेगावाट हुनुपर्नेछ।

साथै, उपदफा (ग) मा उल्लेखित अवस्थामा MVA बाट MW मा एकाइ परिवर्तन गर्दा युनिटी पावर फ्याक्टर (Unity Power Factor) को आधारमा गणना गरिनेछ।

(२) अन्तरदेशीय विद्युत् व्यापार (Cross Border Electricity Trade – CBET) को प्रयोजनका लागि खुला पहुँच (Open Access) निवेदन दिन सक्ने विभिन्न इकाईहरूको योग्यता निम्नानुसार निर्धारण गरिनेछः

(क) विद्युतको अपेक्षित उत्पादन राष्ट्रको आन्तरिक अपेक्षित मागभन्दा अधिक भएको अवस्थामा मात्र खुल्ला पहुँचमार्फत विद्युत निर्यात गर्न अनुमति दिइनेछ। यस प्रावधानको अपवाद देहायबमोजिमका अवस्थाहरुलाई मानिनेछः

(अ) नेपाल सरकारबाट अनुमति पत्र प्राप्त गरी विद्युत निर्यात प्रयोजनका लागि निर्माण भएका विद्युत उत्पादन केन्द्रहरुको विद्युत निर्यात गर्दा,

मस्यौदा

(आ) नेपाल विद्युत प्राधिकरणले विद्युत निर्यात गर्दा,

(इ) राष्ट्रिय हितका लागि विद्युत निर्यात गर्दा।

(ख) यस निर्देशिका बमोजिम विद्युत आयात/निर्यात गर्दा स्वीकृति दिने निकाय नेपाल सरकार हुनेछ। आन्तरिक बजारको पर्याप्तताको मुल्याङ्कनको समयसीमा स्वीकृति दिने निकायले अवस्थाअनुसार (Case-By-Case Manner) निर्धारण गर्नेछ।

(ग) नेपाल विद्युत प्राधिकरणले विद्युत आयात गर्दा वा राष्ट्रिय हितको कारणले विद्युत आपूर्ति गर्दाको अवस्थामा बाहेक राष्ट्रको आन्तरिक अपेक्षित माग विद्युतको अपेक्षित उत्पादनभन्दा अधिक भएको अवस्थामा मात्र खुल्ला पहुँचमार्फत विद्युत आयात गर्न अनुमति दिइनेछ।

(घ) निकायहरुले विद्युत आयात वा निर्यात गर्दा विद्युत ऐन, २०४९ तथा मन्त्रालयले जारी गरेका अन्य सान्दर्भिक ऐन तथा नियमावली तथा आयोगले गारी गरेका निर्देशिका तथा निर्देशनहरुबमोजिम गरिनेछ।

(ङ) खुल्ला पहुँचमार्फत अन्तरदेशीय विद्युत व्यापार गर्न न्यूनतम् मात्रा १० मे.वा. हुनेछ।

## ५. खुल्ला पहुँच ग्राहकहरुको वर्गीकरण

(१) प्रसारण तथा वितरण प्रणालीको प्रयोगको अवधिको आधारमा खुल्ला पहुँच ग्राहकहरुको वर्गीकरण देहायबमोजिमका तीन वर्गमा गरिनेछः

(क) दीर्घकालीन खुल्ला पहुँच (Long Term Open Access - LTOA) जसको अवधि ५ बर्ष भन्दा बढी र विद्युत खरिद बिक्री सम्झौताको अवधिसम्म हुनेछ।

(ख) मध्यकालीन खुल्ला पहुँच (Mid Term Open Access - MTOA) जसको अवधि एक बर्ष भन्दा बढी र ५ बर्ष सम्म हुनेछ।

मस्यौदा

(ग) अल्पकालीन खुल्ला पहुँच (Short Term Open Access - STOA) जसको अवधि १ बर्षसम्म हुनेछ। खुल्ला पहुँच उपलब्ध गराइने न्यूनतम् समयावधि २४ घण्टा (अर्थात्, एक दिन) हुनेछ।

## ६. नोडल एजेन्सी

नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणाली संचालन विभाग सबै वर्गका खुल्ला पहुँच ग्राहकहरुको खुल्ला पहुँचसम्बन्धी निवेदन बुझ्ने, निवेदन उपर कारवाही गर्ने, खुल्ला पहुँच प्रदान गर्ने र खुल्ला पहुँच सम्बन्धी कारोबारहरुको राफसाफ (Settlement) गर्ने कार्य गर्ने गरी नोडल एजेन्सीको रुपमा कार्य गर्नेछ।

तर, नेपाल सरकारले कुनै अन्य निकाय अथवा अनुमतिपत्र प्राप्त व्यक्तिलाई एक निश्चित वर्गका अथवा सबै वर्गका खुल्ला पहुँच ग्राहकहरुको नोडल एजेन्सीको रुपमा तोक्न सक्नेछ।

## ७. बाँडफाँटको प्राथमिकता

(१) दीर्घकालीन खुल्ला पहुँचका आवेदकलाई प्रथम, मध्यकालीन खुल्ला पहुँचका आवेदकलाई द्वितीय र अल्पकालीन खुल्ला पहुँचका आवेदकलाई तृतीय प्राथमिकता दिने गरी खुल्ला पहुँचसम्बन्धी प्राथमिकताका सम्बन्धमा निर्णय गरिनेछ।

(२) एकै वर्ग भित्रका आवेदकहरुमध्ये प्रथम निवेदकलाई प्रथम प्राथमिकता (First Come First Served Basis) दिइनेछ।

(३)

(१) प्रसारण लाइन तथा/अथवा वितरण प्रणालीको उपलब्ध क्षमता निर्धारण गरेपश्चात मात्र खुल्ला पहुँच प्रदान गरिनेछ।

यद्दपी, आफ्नो वितरण क्षेत्रमा उपभोक्तालाई विद्युत आपूर्ति गर्नका निम्ति खुल्ला पहुँचको लागि अवादन दिने वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रथम प्राथमिकतामा राखिनेछ।

(२) खुल्ला पहुँच सम्झौतामा हस्ताक्षर नगरी तथा यस खुल्ला पहुँच निर्देशिकाका अन्य व्यवस्थाहरुलाई पूर्ण रुपमा पालन नगरी खुल्ला पहुँच कारोबार गर्न दिइने छैन।

## ८. ऊर्जा मापन तथा सञ्चार (Metering and Communication)

(१) खुल्ला पहुँच ग्राहकले विद्युत प्रवेश (injection) तथा प्राप्ति (drawl) गर्ने विन्दुहरुमा मिटर (मेन तथा चेक मिटर) जडान गर्नु पर्नेछ। खुल्ला पहुँच ग्राहकको आधिकारिक प्रतिनिधिको उपस्थितिमा अनुमतिपत्र प्राप्त व्यक्तिले ती मिटरहरु परिक्षण (test) गर्नेछ।

(२) मिटर शब्दले करेन्ट ट्रान्सफरमर, भोल्टेज/पोटेन्सियल ट्रान्सफर्मर, ती एवम् मिटर/प्यानल बीचको वाइरिङ्ग समेतलाई जनाउनेछ।

(३) मिटरको लागत तथा आवश्यक परिक्षण तथा क्यलिब्रेसनको लागत खुल्ला पहुँच ग्राहक वा अनुमतिपत्र प्राप्त व्यक्तिले "कनेक्सन सम्झौता" मा उल्लेख गरेबमोजिम बहन गर्नुपर्नेछ।

(४) मिटरको जडानसम्बन्धी विशेषता (Specifications), जडान, मर्मत तथा सञ्चालन आयोगले जारी गर्ने बेग्लै निर्देशिकामा उल्लेख गरेबमोजिम हुनेछ।

(५) मेन (Main) तथा चेक (Check) मिटर खुल्ला पहुँच ग्राहकका अधिकारिक प्रतिनिधिको उपस्थितिमा आवधिक रुपमा परिक्षण (test) तथा क्यलिब्रेसन गरिनेछ।

(६) मेन (Main) तथा चेक (Check) मिटर दुवै पक्षले संयुक्त रुपमा सिल गरिनेछ।

(७) मेन (Main) तथा चेक (Check) मिटर उन्नत (Smart) प्रकृतिका हुनु पर्नेछ र तिनमा १५ मिनेट/५ मिनेटको टाइम-ब्लकमा कम्तिमा ४५ दिनका लागि तथ्याङ्क भण्डारण

गर्ने सक्ने सुविधा तथा वास्तविक समयमा भार प्रेषण केन्द्र (Load Dispatch Center) संग सञ्चार (Communicate) र समन्वय (interface) गर्ने क्षमता हुनु पर्नेछ।

(८) यदि मेन (Main) मिटर बिग्रिएको पाइएमा चेक (Check) मिटरको रिडीङ्ग (Reading) संचालानात्मक एवम् लेखा प्रयोजनका लागि प्रयोग गरिनेछ र यस विषयमा कुनै पनि विवाद मान्य हुने छैन।

(९) बिग्रिएको मिटर अनुमतिपत्र प्राप्त व्यक्तिले खुल्ला पहुँच ग्राहकको उपस्थितिमा परिवर्तन गर्नेछ र त्यस बापत आइपर्ने लागत खुल्ला पहुँच ग्राहकले वहन गर्नेछ।

(१०) हरेक लेखा महिनाको सुरु र अन्त्यमा अनुमतिपत्र प्राप्त व्यक्ति तथा खुल्ला पहुँच ग्राहकका आधिकारिक प्रतिनिधिको उपस्थितिमा मेन (Main) तथा चेक (Check) मिटरको रिडीङ् लिइनेछ।

(११) खुल्ला पहुँच ग्राहकले नोडल एजेन्सीले तयार गरी आयोगले स्वीकृत गरेको विष्तृत कार्यविधि अनुरुप भार प्रेषण केन्द्रसम्म डाटा तथा ध्वनी सञ्चार (Data and Voice Communication) को व्यवस्था गर्नुपर्नेछ।

(१२) खुल्ला पहुँच ग्राहकले भार प्रेषण केन्द्रसंगको सञ्चारलिई सहजीकरण गर्न एक चौबिस-घण्टे नियन्त्रण कक्ष (Control Room) को व्यवस्था गर्नेछ। भार प्रेषण केन्द्रलाई उक्त नियन्त्रण कक्षको फोन नम्बर, इमेल ठेगाना (email id), आदि उपलब्ध गराइनेछ।

## ९. कटौतीसम्बन्धी प्राथमिकता

(१) प्रसारण तथा वितरण प्रणालीमा बाधा (Constraint) उत्पन्न भएको अवस्थामा यदि स्वीकृत खुल्ला पहुँचको मात्रामा कटौती गर्नुपरे सर्वप्रथम खुल्ला पहुँच प्रदान गरिएका अल्पकालीन खुल्ला पहुँच (Short Term Open Access) ग्राहकहरुको खुल्ला पहुँच कटौती गरिनेछ भने

त्यस पश्चात मध्यकालीन खुल्ला पहुँच र अन्तिममा दिर्घकालीन खुल्ला पहुँच ग्राहकहरुको खुल्ला पहुँच कटौती गरिनेछ।

तर, एकै वर्ग भित्रका खुल्ला पहुँच प्रदान गरिएका खुल्ला पहुँच ग्राहकको हकमा कटौती गर्नु परे अनुपातिक आधारमा कटौती गरिनेछ।

(२) भार प्रेषण केन्द्रले जारी गरेको कटौतीको निर्देशन २ टाइम-ब्लकका लागि लागु हुनेछ र गणना प्रयोजनका लागि कटौती निर्देशन जारी गरिएको समयलाई प्रथम टाइम-ब्लकको रुपमा लिइनेछ।

तर, आकस्मिक स्थिति आइपरेको हकमा भार प्रेषण केन्द्रले जारी गरेको कटौतीसम्बन्धी निर्देशनलाई विना बिलम्ब पालना गरिनेछ।

साथै, भार प्रेषण केन्द्रले जारी गरेको कटौती सम्बन्धी निर्देशनको औचित्यमाथि प्रश्न गरिने छैन।

तर, पिडित ग्राहक प्रचलित कार्यविधि बमोजिम आयोगले गठन गरेको गुनासो समाधान समितिसमक्ष गुनासो समाधानका लागि जान सक्नेछन्।

**१०. क्षमताको निर्धारण**

(१) **दीर्घकालीन खुल्ला पहुँच आवेदकको लागिः** वितरण प्रणालीमा अपर्याप्त खाली (Spare) क्षमता भई अवस्थामा अथवा प्रसारण लाइनमा कन्जेसन (Congestion) भई सबै दीर्घकालीन खुल्ला पहुँचलाई समेट्न (Accommodate) बाधा हुने भएमा नोडल एजेन्सीले आवेदकहरुलाई त्यस विषयमा जनाकारी दिनेछ र सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्ता अवेदकलाई समेट्न आवश्यक पर्ने थप क्षमता विकास गर्न गर्नु पर्ने सशक्तिकारणका लागि गरिनुपर्ने कार्यको मुल्याङ्कन गर्न सुझाव पेश गर्न सक्छ। त्यस्तो कार्य सम्पन्न भए

मस्यौदा

पश्चात, नोडल एजेन्सीले आवेदक(हरु)लाई क्षमता उपलब्ध गराउनेछ। प्रणाली सशक्तिकरणको कार्य गर्दा अनुमति पत्र प्राप्त व्यक्तिले गरेको पुँजीगत खर्चमा आवेदकले समेत पूँजी योगदान गर्नुपर्ने हुनसक्छ।

(२) **मध्यकालीन खुल्ला पहुँच आवेदकको लागिः** नोडल एजेन्सीले, सम्बन्धित प्रसारण तथा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिसंगको समन्वयमा र आवश्यक भएको अवस्थामा सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको प्रणाली अध्ययन (System Studies) को आधारमा मध्यकालीन खुल्ला पहुँचको लागि उपलब्ध क्षमताको मुल्याङ्कन गरिनेछ। यदि खुल्ला पहुँच उपलब्ध गराउँदा वृद्धि हुन आउने ऊर्जा विद्यमान प्रसारण/वितरण प्रणाली वा निर्माणाधीन प्रसारण/वितरण प्रणालीमा समेट्न सकिने भएमा मध्यकालीन खुल्ला पहुँच प्रदान गरिनेछ। मध्यकालीन खुल्ला पहुँच प्रदान गर्ने क्रममा कुनै सशक्तिकारण कार्यको परिकल्पना गरिएको छैन। डेडीकेटेड प्रसारण लाइनको निर्माणलाई यस प्रयोजनको लागि गरिएको प्रसारण प्रणालीको सशक्तिकारण रुपमा लिइने छैन। यदि आवेदकलाई मध्यकालीन खुल्ला पहुँच प्रदान गर्न नसक्ने नोडल एजेन्सीको ठहर भएमा आवेदन प्राप्त भएको एक्काइस (२१) दिन भित्र सम्बन्धीत पूर्वाधारमा मध्यकालीन खुल्ला पहुँचको अनुपलब्धतासम्बन्धि विष्तृत स्पष्टीकरण, विष्तृत लोड फ्लो अध्ययन प्रतिवेदन (Load Flow Study Report) तथा सबै हिसाबहरु (Calculations) उल्ल्लेख गरिएको विष्तृत कारण उपलब्ध गराउनुपर्नेछ।

(३) **अल्पकालीन खुल्ला पहुँच आवेदकका लागिः** नोडल एजेन्सीले प्रसारण तथा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिसंगको समन्वयमा अल्पकालीन खुल्ला पहुँचका लागि उपलब्ध क्षमतासम्बन्धि मुल्याङ्कन गर्नेछ। बाँडफाँटको सिद्धान्त यस निर्देशिकामा तोकिएको विधिबमोजिम हुनेछ।

**११. दीर्घकालीन खुल्ला पहुँचका लागि आवेदनसम्बन्धि कार्यविधि**

मस्यौदा

(१) नोडल एजेन्सीले सर्वसाधारणका लागि दीर्घकालीन खुल्ला पहुँचसम्बन्धि निवेदन फारमको भौतिक प्रति आफ्नो कार्यालयमा तथा स्वयम् छाप्न सकिने विद्युतीय प्रति (electronic printable form) आफ्नो वेबसाइटमा उपलब्ध गराउनेछ। दीर्घकालीन खुल्ला पहुँच प्राप्त गर्न नोडल एजेन्सी समक्ष पेश गर्नुपर्ने निवेदनको ढाँचा विष्तृत कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ।

(२) दीर्घकालीन खुल्ला पहुँचका लागि आवेदकले नोडल एजेन्सी समक्ष निवेदन पेश गर्नुपर्नेछ र त्यसको एक प्रति सम्बन्धित् प्रसारण/वितरण अनुमतिपत्र प्राप्त व्यक्ति(हरु)लाई समेत उपलब्ध गराउनुपर्नेछ। उक्त निवेदनसंगै आयोगले तोकेबमोजिमको फिर्ता नपाइने आवेदन शुल्क (non-refundable application fee) समेत संलग्न गर्नुपर्नेछ।

(३) आयोगले त्यस्तो आवेदन शुल्क नातोक्दासम्मको अवधिको लागि ५ मे.वा. वा सो भन्दा कम क्षमताको खुल्ला पहुँचको लागि आवेदन शुल्क रु. ५०,०००/- (रुपैयाँ पचास हजार) तथा नियमानुसार कर (कुनै भए) र ५ मे.वा. भन्दा बढीको क्षमताको खुल्ला पहुँचको लागि आवेदन शुल्क रु. १,००,०००.०० (रुपैयाँ एक लाख) तथा नियमानुसार कर (कुनै भए) हुनेछ।

(४) निवेदन प्राप्त भएको चौबिस (२४) घण्टा भित्र नोडल एजेन्सीले निवेदन बुझिलिएको जानकारी गराउनुपर्नेछ।

(५) यदि, निवेदन पेश गरे पश्चात, आवेदकले निवेदनमा उपलब्ध गराएको जानकारीमा तात्विक त्रुटी (Material Alterations) भएको थाहा पाएमा त्यस सम्बन्धमा यथाशिघ्र नोडल एजेन्सीलाई जानकारी गराउनु पर्नेछ।

मस्यौदा

नोडल एजेन्सीले यस दफा अन्तर्गत पेश गरिसकिएको निवेदनमा त्यस्तो तात्विक त्रुटी भएको जानकारी प्राप्त गरेपश्चात, उक्त निवेदनलाई उक्त त्रुटीको सम्बन्धमा जानकारी प्राप्त भएको मितिमा प्राप्त गरेसरह मान्नेछ।

(६) अन्य अनुमतिपत्र प्राप्त व्यक्ति(हरु) लगायत अन्य निकायहरुसंगको परामर्शमा गरिने प्रणाली अध्ययन (system studies) का आधारमा विद्यमान प्रणालीको सशक्तीकरण विना नै माग गरिएबमोजिमको दिर्घकालीन खुल्ला पहुँच प्रदान गर्न सकिने ठहरिएमा नोडल एजेन्सीले निवेदन प्राप्त भएको साठी (६०) दिन भित्र सो सम्बन्धी जानकारी आवेदकलाई दिनुपर्नेछ।

(७) यदि प्रणाली अध्ययन (system studies) का नतिजाका आधारमा विद्यमान प्रणालीको सशक्तीकरण विना माग गरिएबमोजिमको दिर्घकालीन खुल्ला पहुँच प्रदान गर्न नसकिने नोडल एजेन्सीको राय भएमा, नोडल एजेन्सीले निवेदन प्राप्त भएको साठी (६०) दिन भित्र सो सम्बन्धी जानकारी आवेदकलाई दिनुपर्नेछ। नोडल एजेन्सीबाट त्यस्तो सूचना प्राप्त गरेको एक्काइस (२१) दिन भित्र आवेदकले अनुरोध गरेमा, नोडल एजेन्सीले त्यस्तो अनुरोध प्राप्त गरेको तीस (३०) दिन भित्र थप अध्ययन गरी आवश्यक कार्यको दायरा पहिचान गरी आवेदकलाई सो सम्बन्धमा सूचना प्रदान गर्नेछ। नोडल एजेन्सीले सम्बन्धित् अनुमतिपत्र प्राप्त व्यक्तिसंगको परामर्शपश्चात त्यस्तो कार्यका लागि आवश्यक समयसीमा र अनुमानित लागतका बारेमा आवेदकलाई जानकारी गराइनेछ।

यद्दपी, यस्तो अवस्थामा आवश्यक कार्यको दायरा पहिचान गरी थप प्रणाली अध्ययन (System Studies) गरे बापतको वास्तविक लागत आवेदकले नोडल एजेन्सीलाई पूर्ण रुपमा भरपाई गर्नेछ। त्यस्तो थप प्रणाली अध्ययन (System Studies) का लागि आवेदकले तिरेको आवेदन शुल्कलाई वास्तविक लागतको आधारमा राफसाफ गरी आवेदकले तिर्नुपर्नेछ।

(८) प्रणाली सशक्तीकरणका गर्नु नपर्ने अवस्थामा नोडल एजेन्सीले दीर्घकालीन खुल्ला पहुँच प्रदान गर्ने वा नगर्नेसम्बन्धी निर्णयको जानकारी प्रारम्भिक निवेदन प्राप्त गरेको मितिबाट साठी (६०) दिन भित्र र प्रणाली सशक्तीकरण गर्नु पर्ने अवस्थामा प्रारम्भिक निवेदन प्राप्त गरेको एक सय असी (१८०) दिन भित्र आवेदकलाई प्रदान गरिसक्नुपर्नेछ।

तर, दीर्घकालीन खुल्ला पहुँच प्रदान गर्न नसकिने अवस्थामा सोको लिखित कारण तथा दीर्घकालीन खुल्ला पहुँच उपलब्ध गराउन सकिने सम्भावित मिति सहित त्यसको जानकारी आवेदकलाई प्रदान गरिनेछ।

यदि नोडल एजेन्सीले काबु बाहिरको परिस्थितिका कारण उल्लेखित समयावधि भित्र मध्यकालीन खुल्ला पहुँच प्रदान सकिने वा नसकिने बारे जानकारी दिन नसके नोडल एजेन्सीले आवश्यक विवरण सहित समयावधी थप गर्न आयोगसमक्ष निवेदन दिन सक्नेछ।

**१२. मध्यकालीन खुल्ला पहुँचका लागि आवेदनसम्बन्धी कार्यविधि**

(१) नोडल एजेन्सीले सर्वसाधारणका लागि मध्यकालीन खुल्ला पहुँचसम्बन्धि निवेदन फारमको भौतिक प्रति आफ्नो कार्यालयमा तथा स्वयम् छाप्न सकिने विद्युतीय प्रति (electronic printable form) आफ्नो वेबसाइटमा उपलब्ध गराउनेछ। मध्यकालीन खुल्ला पहुँच प्राप्त गर्न नोडल एजेन्सी समक्ष पेश गर्नुपर्ने निवेदनको ढाँचा विष्तृत कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ।

(२) आवेदकले मध्यकालीन खुल्ला पहुँचसका लागि निवेदन नोडल एजेन्सी समक्ष पेश गर्नुपर्नेछ र त्यसको एक प्रति सम्बन्धित् प्रसारण/वितरण अनुमतिपत्र प्राप्त व्यक्ति(हरु)लाई समेत उपलब्ध गराउनुपर्नेछ। उक्त निवेदनसंगै आयोगले तोकेबमोजिमको फिर्ता नपाइने आवेदन शुल्क (non-refundable application fee) समेत संलग्न गर्नुपर्नेछ।

आयोगले त्यस्तो आवेदन शुल्क नातोक्दासम्मको अवधिको लागि ५ मे.वा. वा सो भन्दा कम क्षमताको खुल्ला पहुँचको लागि आवेदन शुल्क रु. २५,०००/- (रुपैयाँ पच्चीस हजार) तथा नियमानुसार कर (कुनै भए) र ५ मे.वा. भन्दा बढीको क्षमताको खुल्ला पहुँचको लागि आवेदन शुल्क रु. ५०,०००.०० (रुपैयाँ पचास हजार) तथा नियमानुसार कर (कुनै भए) हुनेछ।

(३) निवेदन प्राप्त भएको चौबिस (२४) घण्टा भित्र नोडल एजेन्सीले निवेदन बुझिलिएको जानकारी गराउनुपर्नेछ।

(४) यदि, निवेदन पेश गरे पश्चात, आवेदकले निवेदनमा उपलब्ध गराएको जानकारीमा तात्विक त्रुटी (Material Alterations) भएको थाहा पाएमा त्यस सम्बन्धमा यथाशिघ्र नोडल एजेन्सीलाई जानकारी गराउनु पर्नेछ।

नोडल एजेन्सीले दफा १२ (३) अन्तर्गत पेश गरिसकिएको निवेदनमा त्यस्तो तात्विक त्रुटी भएको जानकारी प्राप्त गरेपश्चात, उक्त त्रुटीको सम्बन्धमा जानकारी प्राप्त भएको मितिमा उक्त निवेदन प्राप्त गरेसरह मान्नेछ।

(५) अन्य अनुमतिपत्र प्राप्त व्यक्ति(हरु) लगायत अन्य निकायहरुसंगको परामर्शमा गरिने प्रणाली अध्ययन (system studies) का आधारमा मध्यकालीन खुल्ला पहुँचका लागि उपलब्ध क्षमताको मुल्याङ्कन गर्नेछ।

(६) खुल्ला पहुँच प्रदान गरेको खण्डमा प्राप्त हुने ऊर्जाको मात्रालाई विध्यमान प्रसारण/वितरण प्रणाली अथवा निर्माणाधीन प्रसारण/वितरण प्रणालीमा समेट्न (accommodate गर्न) सकिने भएमा मध्यकालीन खुल्ला पहुँच उपलब्ध गराइनेछ। मध्यकालीन खुल्ला पहुँच प्रदान गर्ने क्रममा कुनै सशक्तिकारण कार्यको परिकल्पना गरिएको छैन। डेडीकेटेड प्रसारण लाइनको

मस्यौदा

निर्माणलाई यस प्रयोजनको लागि गरिएको प्रसारण प्रणालीको सशक्तिकारण रुपमा लिइने छैन।

(७) मध्यकालीन खुल्ला पहुँचको हकमा, नोडल एजेन्सीले निवेदन प्राप्त गरेको मितिले तीस (३०) दिन भित्र स्वीकृति दिनेछ र त्यसको एक प्रति प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रदान गर्नेछ।

(८) यदि आवेदकलाई मध्यकालीन खुल्ला पहुँच प्रदान गर्न नसक्ने नोडल एजेन्सीको ठहर भएमा आवेदन प्राप्त भएको मितिले तीस (३०) दिन भित्र सम्बन्धीत पूर्वाधारमा मध्यकालीन खुल्ला पहुँचको अनुपलब्धतासम्बन्धि विष्तृत स्पष्टीकरण, विष्तृत लोड फ्लो अध्ययन प्रतिवेदन (Load Flow Study Report) तथा सबै हिसाबहरु (Calculations) उल्ल्लेख गरिएको विष्तृत कारण उपलब्ध गराउनुपर्नेछ।

(९) नोडल एजेन्सीले मध्यकालीन खुल्ला पहुँच प्रदान गर्ने वा नगर्ने भन्ने निर्णय निवेदन प्राप्त गरेको मितिले तीस (३०) दिन भित्र जानकारी दिनुपर्नेछ।

तर, मध्यकालीन खुल्ला पहुँच प्रदान गर्न नसकिने अवस्थामा सोको लिखित कारण तथा दीर्घकालीन खुल्ला पहुँच उपलब्ध गराउन सकिने सम्भावित मिति सहित त्यसको जानकारी आवेदकलाई प्रदान गरिनेछ।

यदि नोडल एजेन्सीले काबु बाहिरको परिस्थितिका कारण उल्लेखित समयावधि भित्र मध्यकालीन खुल्ला पहुँच प्रदान सकिने वा नसकिने बारे जानकारी दिन नसके नोडल एजेन्सीले आवश्यक विवरण सहित समयावधी थप गर्न आयोगसमक्ष निवेदन दिन सक्नेछ।

## १३. अल्पकालीन खुल्ला पहुँचको लागि आवेदनसम्बन्धी कार्यविधि

(१) नोडल एजेन्सीले सर्वसाधारणका लागि अल्पकालीन खुल्ला पहुँचसम्बन्धि निवेदन फारमको भौतिक प्रति आफ्नो कार्यालयमा तथा स्वयम् छाप्न सकिने विद्युतीय प्रति (electronic



मस्यौदा

printable form) आफ्नो वेबसाइटमा उपलब्ध गराउनेछ। अल्पकालीन खुल्ला पहुँच प्राप्त गर्न नोडल एजेन्सी समक्ष पेश गर्नु पर्ने निवेदनको ढाँचा विष्तृत कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ।

(२) प्रसारण तथा/अथवा वितरण प्रणालीमा अल्पकालीन खुल्ला पहुँचका लागि नोडल एजेन्सी समक्ष पेश निवेदन गर्नुपर्नेछ र त्यसको प्रति सम्बन्धित् प्रसारण/वितरण अनुमतिपत्र प्राप्त व्यक्ति(हरु)लाई समेत उपलब्ध गराउनुपर्नेछ। उक्त निवेदनसंगै आयोगले उपभोक्ता महसुलसम्बन्धी निर्णयमा अथवा अन्य कुनै माध्यममार्फत तोकेबमोजिमको फिर्ता नपाइने आवेदन शुल्क (non-refundable application fee) समेत संलग्न गर्नुपर्नेछ।

तर आयोगले त्यस्तो आवेदन शुल्क नातोक्दासम्मको अवधिको लागि आवेदन शुल्क रु. ५,०००/- (रुपैयाँ पाँच हजार) तथा नियमानुसार कर (कुनै भए) हुनेछ।

(३) नोडल एजेन्सीले देहायबमोजिमको समय सीमा भित्र अल्पकालीन खुल्ला पहुँचसम्बन्धी कारवाही गर्नेछः

| **खुल्ला पहुँच मागिएको अवधी** | **नोडल एजेन्सीले कारवाही गरिसक्नु पर्ने समय सीमा** |
|---|---|
| एक (१) दिन सम्म | चौबिस (२४) घण्टा |
| एक (१) हप्ता सम्म | दुई (२) कार्य-दिन |
| एक (१) महिना सम्म | सात (७) कार्य-दिन |
| एक महिना भन्दा बढी र एक बर्ष भन्दा कम | दश (१०) कार्य-दिन |

## १४. प्रवेश विन्दु र प्राप्ति विन्दु परिवर्तन गर्ने सुविधा

मस्यौदा

(१) ग्राहकको अनुरोधमा सम्बन्धित् अनुमतिपत्र प्राप्त व्यक्तिले गर्ने प्रणाली प्रभाव अध्ययन (System Impact Studies) का आधारमा दीर्घकालीन तथा मध्यकालीन खुल्ला पहुँच ग्राहकहरुले बर्षमा दुई पटकसम्म प्रवेश विन्दु र प्राप्ति विन्दु परिवर्तन गर्न सक्नेछन्। त्यस्तो अध्ययन गर्दा अनुमति पत्र प्राप्त व्यक्तिलाई लाग्ने सम्पूर्ण खर्चको भरपाई सम्बन्धित ग्राहकले गर्नुपर्नेछ।

(२) अल्पकालीन ग्राहकले स्वीकृतगरेबमोजिमको प्रवेश विन्दु र प्राप्ति विन्दु परिवर्तन गर्न पाउने छैनन्।

(३) प्रवेश/प्राप्ति विन्दु परिवर्तनका लागि पेश गरिने निवेदनउपर कारवाही गर्ने समयावधि दीर्घकालीन/मध्यकालीन खुल्ला पहुँचको निवेदनउपर कारवाही गर्ने समयावधि सरह नै हुनेछ।

**१५. खुल्ला पहुँच क्षमताको अप्रयोग वा न्युन-प्रयोग तथा त्यागसम्बन्धी व्यवस्था**

(१) खुल्ला पहुँच सम्झौतामा जुनसुकै कुरा लेखिएको भए पनि, यदि खुल्ला पहुँच ग्राहकले आफुलाई प्राप्त खुल्ला पहुँचको क्षमता न्यून अथवा पूर्ण रुपमा प्रयोग गर्न नसक्ने भएमा, उक्त ग्राहकले उक्त अप्रयोग/न्युन-प्रयोगको कारण खुलाई नोडल एजेन्सीलाई त्यस सम्बन्धमा जानकारी गराउनेछ।

(२) यदि कुनै खुल्ला पहुँच ग्राहकले निरन्तर खुल्ला पहुँच क्षमताको अ-प्रयोग वा न्यून-प्रयोग गरेको जानकारी प्राप्त गरेमा नोडल एजेन्सीले खुल्ला पहुँच ग्राहकलाई प्रदान गरिएको खुल्ला पहुँचको निरन्तर अप्रयोग एवम् न्युनप्रयोगको कारण १५ भित्र पेश गर्न सूचना जारी गर्न सक्दछ।

(३) खुल्ला पहुँच ग्राहकले न्यून-प्रयोग भएको प्रसारण क्षमता पूर्ण वा आंशिक रुपमा अन्य निकायलाई हस्तान्तरण गर्न पाउने छैन।

मस्यौदा

(४) अल्पकालीन खुल्ला पहुँच ग्राहकले प्राप्त भएको खुल्ला पहुँचको क्षमता पूर्ण वा आंशिक रुपमा त्याग्न पाउने छैनन् र सुरुमा स्वीकृत गरिएको क्षमताबापतको प्रसारण तथा वितरण शुल्कहरु निरन्तर तिर्नु पर्नेछ।

(५) मध्यकालीन खुल्ला पहुँच ग्राहकले नोडल एजेन्सीलाई ३० दिनको अग्रिम सूचना दिई ३० दिन अथवा खुल्ला पहुँच त्यागिने अवधिमध्ये जुन कम हो, सो अवधिको प्रसारण तथा व्हिलिङ्ग दस्तुर अग्रिम रुपमा तिरी प्राप्त भएको खुल्ला पहुँचको क्षमता पूर्ण वा आंशिक रुपमा त्याग्न सक्नेछ।

(६) दीर्घकालीन खुल्ला पहुँच ग्राहकले नोडल एजेन्सीलाई १ बर्षको अग्रिम सूचना दिई खुल्ला पहुँच त्यागिने अवधिको त्यागिने क्षमताबापतको प्रसारण तथा व्हिलिङ्ग दस्तुरको ६६% रकम अग्रिम रुपमा तिरी प्राप्त भएको खुल्ला पहुँचको क्षमता पूर्ण वा आंशिक रुपमा त्याग्न सक्नेछ।

(७) जुन सुकै अवधिको खुल्ला पहुँचका लागि पनि खुल्ला पहुँचको अवधि भरका लागि स्वामित्वमा परिवर्तन भएको अवस्था बाहेक अन्य अवस्थामा खुल्ला पहुँच ग्राहकलाई अधिकार र दायित्वको हस्तान्तरण गर्न दिइने छैन।

(८) तर, अनुमतिपत्र प्राप्त व्यक्ति/उपभोक्ताको स्वामित्व हस्तान्तरण भएको अवस्थामा, साबिकको निकायको स्वामित्व ग्रहण गर्ने निकायमा सम्पूर्ण दायित्वसमेत हस्तान्तरण भएको मानिनेछ।

## १६. खुल्ला पहुँच सम्झौता

(१) खुल्ला पहुँच प्राप्त गरेका खुल्ला पहुँच ग्राहकले नोडल एजेन्सीले निर्माण गरी विद्युत नियमन आयोगले स्वीकृत गरेको विष्तृत कार्यविधिको व्यवस्था बमोजिम प्रसारण तथा/अथवा

वितरण अनुमतिपत्र प्राप्त व्यक्तिसंग दुईपक्षीय/त्रिपक्षीय/बहुपक्षीय सम्झौता गर्नुपर्नेछ। उक्त सम्झौतामा देहायबमोजिमका विषयहरु हुनुपर्नेछः

क. प्रवेश विन्दु,

ख. प्राप्ति विन्दु,

ग. ऊर्जाको मात्रा,

घ. खुल्ला पहुँचको अवधी,

ङ. ऊर्जा वैकल्पिक स्रोतको आवश्यकता र त्यसको अवधी,

च. प्रसारण शुल्क, व्हिलीङ्ग शुल्क, क्रस-सब्सिडी शुल्क, अतिरिक्त शुल्क, स्टयाण्ड-बाइ ऊर्जाको शुल्क, सेड्युलिङ् शुल्क, रियाक्टिभ ऊर्जा शुल्क, आदि को भुक्तानीसम्बन्धी व्यवस्था,

छ. भुक्तानी गर्ने तरिका,

ज. धरौटी,

झ. प्रवेश र प्राप्ति गरिएको ऊर्जा मापन (Metering),

ञ. मिटरको रिडिङ्ग, ऊर्जा लेखाङ्कन (Energy Accounting) तथा राफसाफ (Settlement) सम्बन्धी विधि,

ट. ग्रीड कोडको अनुपालन,

ठ. नोडल एजेन्सी तथा भार प्रेषण केन्द्रको निर्देशिकाको अनुपालन,

ड. खुल्ला पहुँच कारोबारका लागि सम्पत्तिको सिर्जना,

ढ. नोडल एजेन्सीद्वारा सान्दर्भिक ठानिएका अन्य विषयहरु।

(२) नोडल एजेन्सीले प्रसारण तथा/अथवा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिसंगको परामर्शमा दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन खुल्ला पहुँच ग्राहकका लागि सम्झौताको ढाँचा

मस्यौदा

निर्माण गर्नेछ र उक्त खुल्ला पहुँच सम्झौताको ढाँचा आयोगले स्वीकृत गर्ने विष्तृत कार्यविधिको एक अंश हुनेछ।

(३) खुल्ला पहुँच सम्झौतामा हस्ताक्षर नगरी एवम् यस निर्देशिकाका अन्य व्यवस्थाहरुको पूर्ण पालना नगर्दासम्म कुनै पनि खुल्ला पहुँच कारोबार गर्न दिइने छैन।

**१७. खुल्ला पहुँचका लागि उपलब्ध क्षमतासम्बन्धी जानकारीको सार्वजनिकीकरण**

(१) नोडल एजेन्सीले प्रसारण तथा वितरण प्रणालीमा विभिन्न वर्गका खुल्ला पहुँचको लागि उपलब्ध क्षमता आफ्नो वेबसाइटमार्फत खुलाउनु पर्नेछ। त्यस्तो जानकारी दैनिक रुपमा अध्यावधिक गर्नुपर्ने छ।

(२) खुल्ला पहुँचसम्बन्धी सूचना सार्वजनिक गर्नका निम्ति नोडल एजेन्सीले आफ्नो वेभसाइटमा “Open Access Information” नाम रहेको वेभपेजमा उल्लेखित विवरण अध्यावधिक गर्नुपर्नेछ।

(क) आयोगले खुल्ला पहुँच सम्बन्धमा जारी गरेका सबै निर्देशिकाहरु,

(ख) आयोगले स्वीकृत गरिएको खुल्ला पहुँच सम्बन्धी विष्तृत कार्यविधि,

(ग) निम्न अनुसारका जानकारी सहितको नोडल एजेन्सीद्वारा स्वीकृत खुल्ला पहुँचसम्बन्धी आवेदनहरुको सूची (जुन महिनाको लागि कारोबार सेड्युल भएको हो, उक्त महिनाको अन्त्यसम्म विवरण देखिइरहनु पर्ने)ः

(अ) ग्राहकको नाम

(आ) खुल्ला पहुँच प्रदान गरिएको अवधि (सुरु मिति र अन्त्य मिति)

(इ) प्रवेश विन्दु

(ई) प्राप्ति विन्दु

(उ) प्रयोग गरिने प्रसारण तथा/अथवा वितरण प्रणाली

(ऊ) सुरु समय र अन्त्य समयसहितको स्वीकृत सेड्युल

## १८. खुल्ला पहुँचसम्बन्धी शुल्कहरु

### (१) प्रसारण शुल्कः

(क) प्रसारण शुल्क भन्नाले प्रसारण लाइन प्रयोग गरी विद्युत ढुवानी गरे बापत प्रसारण प्रणालीका ग्राहकले प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिलाई तिर्नु पर्ने शुल्क बुझ्नुपर्नेछ।

(ख) प्रसारण शुल्क दिर्घकालीन तथा अल्पकालीन खुल्ला पहुँचका लागि रुपैयाँ प्रति मेगावाट प्रति महिना र अल्पकालीन खुल्ला पहुँचका लागि रुपैयाँ प्रति युनिटमा गणना गरिनेछ।

(ग) प्रसारण शुल्क आयोगले हरेक आर्थिक बर्षका लागि प्रसारण अनुमतिपत्रको स्वीकृत "बार्षिक आवश्यक आय रकम (Aggregate Revenue Requirement, ARR)" का आधारमा गरिनेछ।

(घ) आशिक महिनाका लागि (मध्यकालीन अथवा दीर्घकालीन खुल्ला पहुँचको सुरुमा तथा/अथवा अन्त्यमा पर्न सक्ने) अनुपातिक तवरले भुक्तानी दिइनेछ।

(ङ) दिर्घकालीन खुल्ला पहुँच/मध्यकालीन खुल्ला पहुँचका ग्राहकहरुको प्रसारण शुल्कको दर (रुपैयाँ/मेगावाट/महिना) देहायबमोजिम निर्धारण गरिनेछः

$$= \frac{\text{बार्षिक आवश्यक आय रकम}}{\text{(मेगावाटमा उल्लेखित सम्बन्धित बर्षको प्रक्षेपित पिक लोड X १२)}}$$

(च) अल्पकालीन खुल्ला पहुँचका ग्राहकहरुको प्रसारण शुल्कको दर (रुपैयाँ/किलोवाट-घण्टा) देहायबमोजिम गणना गरिनेछः

मस्यौदा

$$= \frac{\text{बार्षिक आवश्यक आय रकम}}{\text{(मेगावाटमा उल्लेखित सम्बन्धित बर्षको प्रक्षेपित पिक लोड X ८७६० X १०००)}}$$

(छ) अल्पकालीन खुल्ला पहुँचको प्रसारण लाइन शुल्क निश्चित लेखा महिनाको खुल्ला पहुँचको लागि सेड्युल गरिएको ऊर्जाको आधारमा हुनेछ।

(ज) कुनै पनि महिनाको लागि अल्पकालीन खुल्ला पहुँचको ग्राहकले तिर्नुपर्ने कुल प्रसारण शुल्क देहायबमोजिम गणना गरिनेछः

*प्रसारण शुल्क = खुल्ला पहुँच ग्राहकको प्रसारण शुल्कको दर (रुपैयाँ/किलोवाट-घण्टा) X कुनै पनि महिनामा अल्पकालीन खुल्ला पहुँचको लागि सेड्युल गरिएको ऊर्जा (किलोवाट-घण्टामा)*

(झ) नेपाल विद्युत प्राधिकरणले यस निर्देशिका जारी भएको ६० दिन भित्र पछिल्लो स्वीकृत बार्षिक आवश्यक आय रकम (Aggregate Revenue Requirement, ARR) को आधारमा प्रसारण शुल्कको दर गणना गरी आयोगसमक्ष स्वीकृतिको लागि पेश गर्नेछ।

(ञ) रेडियल (Radial) लाइन तथा/अथवा डेडीकेटेड प्रसारण लाइन/तेश्रो पक्षद्वारा निर्मित डेडीकेटेड प्रसारण प्रणाली/ प्रतिष्पर्धात्मक बोलकबोल (Competitive Bidding) अथवा अन्य तरिकाले नेपाल सरकारअन्तर्गतको निकायले बनाउने प्रसारण लाइन, आदिको हकमा प्रसारण शुल्क बेग्लै निर्देशिकाबमोजिम निर्धारण हुनेछ।

**(२) वितरण शुल्क (व्हिलीङ् शुल्क)**

(क) प्रसारण शुल्क भन्नाले वितरण लाइन प्रयोग गरी विद्युत ढुवानी गरे बापत वितरण प्रणालीका ग्राहकले वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई तिर्नु पर्ने शुल्क बुझ्नुपर्नेछ।

मस्यौदा

(ख) सबै वर्गका खुल्ला पहुँच ग्राहकको लागि व्हिलीङ् शुल्क रुपैयाँ प्रति युनिटमा गणना गरिनेछ।

(ग) व्हिलीङ् शुल्क (रुपैंया/युनिट) को दरको गणना देहायबमोजिम गरिनेछः

$$= \frac{\text{विद्युत वितरकको स्वीकारयोग्य स्थिर शुल्क मध्ये विद्युत व्हिलिङका लागि प्रयोग बापतको रकम}}{\text{वितरण प्रणालीबाट प्रसारित कुल ऊर्जा (युनिट)}}$$

(घ) खुल्ला पहुँच ग्राहकले तिर्नुपर्ने कुल व्हिलिङ् चार्जबापतको रकम (रुपैयाँ) देहायबमोजिम गणना गरिनेछः

=व्हिलीङ् शुल्क (रुपैंया/युनिट) को दर x खुल्ला पहुँच ग्राहकको उक्त लेखा महिनाको सेड्युल गरिएको कुल ऊर्जा

(ङ) उपभोक्ता महसुल मै व्हिलिङ् चार्ज संलग्न हुने भएका कारण वितरण प्रणालीका उपभोक्ताहरुले व्हिलिङ् चार्ज तिर्नुपर्ने छैन।

(च) तर, कुनै एक खुल्ला पहुँच ग्राहकको एक्लो प्रयोगका लागि अनुमति पत्र प्राप्त व्यक्तिले निर्माण गरेको कुनै डेडीकेटेड वितरण प्रणाली प्रयोग भएको अवस्थामा त्यस्तो डेडीकेटेड प्रणालीको लागि व्हिलिङ् चार्ज वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले गणना गरी आयोगको स्वीकृतिको लागि पेश गर्न सकिनेछ र उक्त वितरण प्रणालीमा भएको खाली क्षमता (spare capacity) अन्य कुनै व्यक्ति वा प्रयोजनको लागि प्रदान भई प्रयोग नहुँदासम्म त्यो शुल्क पूर्ण रुपमा उक्त खुल्ला पहुँच ग्राहकले वहन गर्नुपर्नेछ।

(छ) नेपाल विद्युत प्राधिकरणले यस निर्देशिका जारी भएको ६० दिन भित्र पछिल्लो स्वीकृत "बार्षिक आवश्यक आय रकम (Aggregate Revenue Requirement, ARR)" को आधारमा व्हिलिङ् चार्ज गणना गरी स्वीकृतिका लागि आयोगसमक्ष पेश गर्नेछ।

**(३) डेभिएसन सेटलमेन्ट शुल्क**

मस्यौदा

सेड्युल तालिकाबाट विचलन भएबापत तिर्नुपर्ने वा प्राप्त गर्नुपर्ने शुल्क डेभिएसन सेटलमेन्ट मेकानिजमसम्बन्धमा आयोगद्वारा तयार गरिने बेग्लै निर्देशिकामा उल्लेख भएबमोजिम हुनेछ।

**(४) क्रस-सब्सिडी सरचार्ज**

(क) यदि खुल्ला पहुँचसम्बन्धि सुविधा प्राप्त गर्ने ग्राहक सम्बन्धित् वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको औसत विद्युत बिक्री दर भन्दा अधिक महसुल दर तिर्ने उपभोक्ता हो भने त्यस्तो अवस्थामा खुल्ला पहुँच ग्राहकले प्रसारण तथा वितरण शुल्कका अतिरिक्त आयोगले समय-समयमा निर्धारण गरेबमोजिमको क्रस-सब्सिडी सरचार्ज पनि तिर्नुपर्नेछ।

(ख) क्रस-सब्सिडी सरचार्ज प्रति किलोवाट घण्टा (युनिट) को इकाईमा गणना गरी सम्बन्धित महिनामा सेड्युल गरिएको ऊर्जाको आधारमा खुल्ला पहुँच उपभोक्ताले मासिक रुपमा सम्बन्धित् वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई तिर्नुपर्नेछ।

(ग) क्रस-सब्सिडी सरचार्ज देहायबमोजिम गणना गरिनेछः

क्रस-सब्सिडी सरचार्ज (रुपैयाँ प्रति युनिट) = सम्बन्धित् वर्गका उपभोक्ताले तिर्नुपर्ने महसुलको दर - सम्बन्धित् प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिको औसत आपूर्तिको लागत (Average Cost of Supply)

तर, क्रस-सब्सिडी सरचार्ज सम्बन्धित् प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिको औसत आपूर्तिको लागत (Average Cost of Supply) को २०% भन्दा अधिक हुनेछैन। साथै, क्रस-सब्सिडी नकरात्मक भएको अवस्थामा शुन्य सरह मानिनेछ।

मस्यौदा

(घ) कुनै व्यक्तिलाई आफ्नो निजी प्रयोगको लागि क्याप्टिभ उत्पादन केन्द्र स्थापना गरेका व्यक्तिलाई गन्तव्यसम्म विद्युत प्रसारण गर्न वितरण प्रणालीमा खुल्ला पहुँच दिइएको अवस्थामा कुनै क्रस-सब्सिडी सरचार्ज लाग्ने छैन।

(ङ) खुल्ला पहुँच ग्राहकले तिर्नु पर्ने क्रस सब्सिडी सरचार्ज बापतको रकम क्रस सब्सिडी सरचार्जको दरलाई सेड्युल गरिएको ऊर्जाले गुणन गरी गणना गरिनेछ।

(च) खुल्ला पहुँच ग्राहकको क्रस सब्सिडीको दर आयोगले निर्णय गरे बमोजिम भविष्यमा घटाउँदै लगिनेछ।

(छ) नेपाल विद्युत प्राधिकरणले यस निर्देशिका जारी भएको ६० दिन भित्र पछिल्लो स्वीकृत "बार्षिक आवश्यक आय रकम (Aggregate Revenue Requirement, ARR)" को आधारमा क्रस सब्सिडी सरचार्ज गणना गरी स्वीकृतिका लागि आयोगसमक्ष पेश गर्नेछ।

(५) अतिरिक्त सरचार्ज

(क) अतिरिक्त सरचार्जको दर (रुपैयाँ प्रति किलोवाट-घण्टा) देहायबमोजिम गणना गरिनेछः

अतिरिक्त सरचार्जको दर = (क+ख-ग)/घ-ङ-च

जसमा,

क = आफ्नै उत्पादन आयोजना लगायत विद्युत खरिद बिक्री बापतको स्थिर लागत तथा वितरण अथवा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत आपूर्ति गर्नुपर्ने जिम्मेवारीको विरामबापतको स्थिर खर्च

ख = विद्युत आपूर्ति गर्नुपर्ने वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको जिम्मेवारीसंग सम्बन्धित प्रसारण तथा व्हिलिङको लागत

ग = सबै उपभोक्ताको डिमाण्ड शुल्क बापतको रकमबाट असुली गरिएको रकम

घ = कुल विग्री गरिएको विद्युत (किलोवाट-घण्टा)

ङ = व्हिलिङ शुल्कको दर (रुपैयाँ प्रति युनिट)

च = क्रस सब्सिडी सरचार्जको दर (रुपैयाँ प्रति युनिट)

(ख) नेपाल विद्युत प्राधिकरणले यस निर्देशिका जारी भएको ६० दिन भित्र पछिल्लो स्वीकृत "बार्षिक आवश्यक आय रकम (Aggregate Revenue Requirement, ARR)" को आधारमा अतिरिक्त सरचार्ज गणना गरी स्वीकृतिका लागि आयोगसमक्ष पेश गर्नेछ।

(ग) अतिरिक्त सरचार्ज आफ्नै क्याप्टिभ विद्युत केन्द्रबाट विद्युत प्रयोग गर्ने क्याप्टिभ उपभोक्ताको हकमा लागु हुनेछैन।

(घ) क्याप्टिभ विद्युत उत्पादन केन्द्रको योग्यता आयोगले तोकेबमोजिम हुनेछ।

**(६) स्ट्यान्ड-बाई शुल्क**

(क) खुल्ला पहुँच उपभोक्ताले उत्पादन गृह, प्रसारण लाइन तथा अन्य कुनै संरचना बन्द हुन पुगेका कारण विद्युत खरिद सम्झौता भएको विद्युत उत्पादन गृह अथवा विद्युत व्यापार अनुमतिपत्र प्राप्त व्यक्तिबाट विद्युत प्राप्त गर्न नसक्दा वितरण अनुमति पत्र प्राप्त व्यक्तिले प्रदान गर्ने वैकल्पिक आपूर्तिका लागि खुल्ला पहुँच उपभोक्ताले तिर्नु पर्ने शुल्क बुझ्नुपर्छ।

(ख) त्यस्तो सेवा प्रदान गरे वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बापत लाग्ने खर्चलाई मध्यनजर गरी यस्तो वैकल्पिक व्यवस्थाबापत तिरिने शुल्क निर्धारण गरिनेछ।

तर, यस निर्देशिका कार्यान्वयन भएको पहिलो २ बर्षसम्म, स्ट्यान्ड-बाई सम्बन्धी व्यवस्थाका लागि लागु हुने शुल्क खुल्ला पहुँच ग्राहकको उपभोक्ता वर्गको १२५% हुनेछ।

(ग) साथै, दुई बर्ष पश्चात लागु हुने स्ट्यान्ड-बाई शुल्क निर्धारण गर्ने विधि आयोगले तोकेबमोजिम हुनेछ।

(घ) खुल्ला पहुँचबाट विद्युत प्रदान गर्ने स्रोतले विद्युत आपूर्ति गर्न नसकेको अवस्थामा विद्युत आपूर्तिको सुनिश्चितता गर्न हरेक खुल्ला पहुँच ग्राहकले सम्बन्धित वितरण अनुमति पत्र प्राप्त व्यक्तिसंग वैकल्पिक विद्युत आपूर्तिका लागि लिखित सम्झौता गर्नुपर्नेछ।

**(७) सेडयुलिङ् शुल्क**

(क) खुल्ला पहुँच कारोबारको सेड्युलिङ्ग गरेबापत खुल्ला पहुँच ग्राहकले भार प्रेषण केन्द्रलाई भुक्तानी गर्नुपर्ने शुल्कलाई सेड्युलिङ् शुल्क भनिनेछ। यसको इकाई रुपैयाँ प्रति दिन हुनेछ।

(ख) यस निर्देशिकाको प्रभावकारी कार्यान्वयन भएको मितिले दुई (२) बर्षसम्म सेडयुलिङ् शुल्क रुपियाँ ५०० प्रति दिन रहनेछ।

(ग) दीर्घकालीन एवम् मध्यकालीन खुल्ला पहुँच ग्राहकको लागि, सेडयुलिङ् शुल्क हरेक लेखा अवधिको अन्त्यमा भार प्रेषण केन्द्रले तयार गरेको बिजकको आधारमा भुक्तानी गर्नुपर्नेछ।

(घ) अल्पकालीन खुल्ला पहुँच ग्राहकको हकमा अल्पकालीन खुल्ला पहुँच कारोबार सुरु हुनु अगावै सेडयुलिङको बिजकको आधारमा अग्रिम भुक्तानी गर्नुपर्नेछ।

**(८) रियाक्टिभ ऊर्जा शुल्क**

भोल्टेजमा स्वीकारयोग्य भोल्टेजको दयारा (admissible voltage variations) भन्दा प्रतिकुल विचलन (adverse deviation) भएमा यो शुल्क तिर्नुपर्नेछ।

मस्यौदा

तर, खुल्ला पहुँच प्रभावकारी रुपमा लागु हुने मितिले दुई (२) बर्षसम्म कुनै रियाक्टिभ ऊर्जा शुल्क लाग्ने छैन।

(९) संचालन शुल्क

(क) खुल्ला पहुँच कारोबारहरुको संचालन, अनुगमन तथा नियन्त्रण गरेबापत खुल्ला पहुँच ग्राहकले भार प्रेषण केन्द्रलाई संचालन शुल्क बुझाउनु पर्नेछ।

(ख) संचालन शुल्क रुपैयाँ प्रति मेगावाट प्रति दिनका आधारमा गणना गरिनेछ।

(ग) यस निर्देशिकाको प्रभावकारी कार्यान्वयन भएको मितिले पहिलो दुई (२) बर्षसम्म, संचालन शुल्क रुपियाँ ५० प्रति मेगावाट प्रति दिन रहनेछ।

## १९. क्याप्टिभ विद्युत उत्पादन केन्द्रका लागि विशेष व्यवस्था

(१) खुल्ला पहुँचका लागि निवेदन दिएको मितिमा आवेदकले निर्णयात्मक रुपमा आफुलाई अन्य कुनै स्थानमा रहेको आफ्नै विद्युतीय भार (electrical load) लाई आपूर्ति गर्ने क्याप्टिभ विद्युत उत्पादन केन्द्रको रुपमा प्रमाणित गर्न सकेमा त्यस्तो क्याप्टिभ विद्युत उत्पादन केन्द्रका हकमा क्रस सब्सिडी सरचार्ज तथा अतिरिक्त सरचार्ज लागु हुने छैन।

(२) क्याप्टिभ उत्पादन केन्द्रको योग्यतासम्बन्धी मापदण्ड आयोगले बेग्लै निर्देशिकामा तोकेबमोजिम हुनेछ।

## २०. प्रसारण तथा वितरण ह्रास (Transmission and Distribution Loss)

(१) मिटरबाट प्राप्त आँकडाका आधारमा भार प्रेषण केन्द्रले प्रसारण तथा वितरण प्रणालीको औसत मासिक ह्रासको गणना गर्नेछ।

(२) कुनै पनि महिनामा प्रसारण प्रणालीमा प्रवेश (input) ऊर्जा र प्रणालीबाट प्राप्ति (output) ऊर्जाको भिन्नतालाई प्रसारण ह्रास मानिनेछ। सो ह्रासलाई प्रणालीमा निर्यात (input) ऊर्जाको

प्रतिशतको रुपमा उल्लेख गरिएमा त्यसलाई औसत प्रसारण ह्रास (Average Transmission Loss) मानिनेछ।

(३) वितरण ह्रास (Distribution Loss) को गणना गर्दा पनि समान विधि अपनाइने छ।

(४) खुल्ला पहुँच कारोबार सेड्युल गर्ने क्रममा भार प्रेषण केन्द्रले अघिल्लो महिनाको ह्रासलाई आधारमा लिनेछ।

(५) अघिल्लो महिनाको ह्रासका आधारमा गणना भएको लागु हुने प्रसारण प्रणालीको मासिक औसत प्रसारण ह्रास र वितरण सञ्जालको मासिक औसत वितरण ह्रास अग्रिम रुपमा घोषणा गर्नुपर्नेछ र भूतप्रभावी रुपले परिवर्तन गरिने छैन।

तर, यस निर्देशिका कार्यान्वयन हुने प्रभावकारी मितिबाट छ (६) महिनाको अवधिका लागि पछिल्लो महसुलसम्बन्धि निवेदनमा उल्लेख गरिएको मानक प्रसारण तथा वितरण ह्रासलाई खुल्ला पहुँच कारोबारको सेड्युलिङका लागि आधारमा लिइनेछ।

## २१. सेडयुलिङ् तथा ऊर्जा लेखाङ्कन (**Scheduling and Energy Accounting**)

(१) सान्दर्भिक ह्रासहरुलाई मध्यनजर गर्दै भार प्रेषण केन्द्रले खुल्ला पहुँचको सेड्युलिङ गर्नेछ।

(२) खुल्ला पहुँच कारोबारको सेड्युल गर्ने, डिस्प्याच गर्ने, ऊर्जा लेखाङ्कन (Energy Accounting) तथा राफसाफ प्रणालीका सम्बन्धमा नोडल एजेन्सीले प्रसारण तथा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको परामर्शमा ब्यालेन्सिङ् तथा सेटलमेन्ट संहिता (Balancing and Settlement Code) सम्बन्धी कार्यविधिको मस्यौदा निर्माण गरी आयोगको स्वीकृतिका लागि पेश गर्नेछ।

## २२. भुक्तानीका शर्त तथा अवस्थाहरु

(१) नोडल एजेन्सीले निश्चित लेखा महिनाको लागि जारी गरेको लेखा स्टेटमेन्ट (accounting statement) अनुसार सम्बन्धित निकायले खुल्ला पहुँच ग्राहकका नाममा बिजक जारी

मस्यौदा

गर्नेछ। प्रसारण शुल्कको बिजक सम्बन्धित प्रसारण प्रणालीले जारी गर्नेछ। व्हीलिङ् चार्ज, क्रस-सब्सिडी सरचार्ज, अतिरिक्त सरचार्ज तथा स्टयाण्ड-बाई शुल्कको बिजक वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले जारी गर्नेछ। सेडयुलिङ् शुल्क र संचालन शुल्कको बिजक भार प्रेषण केन्द्रले जारी गर्नेछ।

(२) खुल्ला पहुँच ग्राहकले बिजक जारी भएको दश (१०) दिन भित्र भुक्तानी गरिसक्नु पर्नेछ।

(३) भार प्रेषण केन्द्रले प्राप्त गर्ने खुल्ला पहुँच शुल्कहरु भार प्रेषण केन्द्रको बार्षिक आवश्यक आय रकम (Aggregate Revenue Requirement, ARR)" मा समायोजन गरिनेछ।

(४) प्रसारण अनुमतिपत्र प्राप्त व्यक्ति तथा वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले दीर्घकालीन खुल्ला पहुँच एवम् मध्यकालीन खुल्ला पहुँचबाट प्राप्त गरेको खुल्ला पहुँच शुल्कहरु क्रमशः सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको बार्षिक आवश्यक आय रकम (Aggregate Revenue Requirement, ARR)" मा समायोजन गरिनेछ।

## २३. भुक्तानी सुरक्षा संयन्त

(१) दीर्घकालीन तथा मध्यकालीन खुल्ला पहुँच ग्राहकले खुल्ला पहुँचसंग सम्बन्धित् सम्पूर्ण शुल्कहरु बापतको अनुमानित रकम बराबरको Irrevocable Line of Credit (LC) तीन महिनाका लागि खोल्नुपर्नेछ।

(२) अल्पकालीन खुल्ला पहुँच ग्राहकले अल्पकालीन खुल्ला पहुँचको समग्र अवधि भरिको खुल्ला पहुँचको लागि प्रदान गरिएको ऊर्जाबमोजिमको, डेभिएसन सेटलमेन्ट शुल्क बाहेक खुल्ला पहुँच सम्बन्धि अन्य सबै शुल्कहरुको अग्रिम भुक्तानी गर्नुपर्नेछ।

(३) सबै वर्गका खुल्ला पहुँच ग्राहकहरुको डेभिएसन सेटलमेन्ट शुल्क खुल्ला पहुँच कारोबार सम्पन्न भइसकेपश्चात नोडल एजेन्सीले अन्तिम रुप दिएको एकाउन्टिङ् स्टेटमेन्ट (accounting statement) भुक्तानी गरिनेछ।

(४) भुक्तानीमा विलम्ब भएमा प्रत्येक महिना वा सो भन्दा कम अवधिका लागि १.२५% दरले अतिरिक्त शुल्क तिर्नुपर्नेछ।

(५) समयमै भुक्तानी गर्न निरन्तर ढिलाई भएमा विलम्बको अवस्थामा लाग्ने अतिरिक्त शुल्कका अतिरिक्त हुने दण्ड आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(६) कुनै पनि आवेदकले खुल्ला पहुँचको निवेदन दिएको मितिसम्म खुल्ला पहुँचसम्बन्धी सबै शुल्क भुक्तानी नगएको अवस्थामा खुल्ला पहुँच प्रदान गरिने छैन।

**२४. नोडल एजेन्सीले आयोगसमक्ष मासिक प्रतिवेदन पेश गर्नुपर्नेः**

नोडल एजेन्सीले देहायबमोजिमका विवरणहरु उल्लेख गर्दै आयोगसमक्ष मासिक प्रतिवेदन पेश गर्नुपर्नेछः

(क) विभिन्न वर्ग अनुसारका खुल्ला पहुँच ग्राहक, मात्रा, अवधि, प्रवेश विन्दु (injection point) तथा प्राप्ति विन्दु (drawl point), तिर्नुपर्ने विभिन्न शुल्क, तिरिसकेको शुल्क, आदि,

(ख) खुल्ला पहुँचको संचालनका सम्बन्धमा थप सुधार गर्नु पर्ने सम्बन्धमा नोडल एजेन्सीको कुनै टिप्पणी अथवा सुझाव।

**२५. आवद्धतासम्बन्धी निर्देशिका**

(१) आयोगले ग्रीडसंगको आवद्धता प्रदान गर्ने सम्बन्धी विषयमा बेग्लै निर्देशिका जारी गर्नेछ।

(२) उपदफा (१) मा जे सुकै लेखिएको भएता पनि, आयोगले निर्देशिका जारी नगरे कै आधारमा खुल्ला पहुँच प्रदान गर्न रोकटोक हुनेछैन।

## २६. विवाद समाधान

(१) खुल्ला पहुँचसंग सम्बन्धीत् सबै गुनासा तथा विवादहरु आयोगले स्थापना गर्ने गुनासो समाधान समितिसमक्ष पेश गर्नुपर्नेछ। उक्त समितिले छानबिन गरी गुनासोको मैत्रीपूर्ण समाधान गर्न प्रयत्न गर्नेछ।

तर, त्यस्तो गुनासो तथा/वा विवाद यस निर्देशिका वा यस निर्देशिकाको कार्यान्वयनसंग सम्बन्धीत् अन्य निर्देशिकाहरुका प्रावधानहरुको व्याख्यासंग सम्बन्धित हुनेछैन।

यदि कुनै गुनासो तथा/वा विवाद यस निर्देशिका वा यस निर्देशिकाको कार्यान्वयनसंग सम्बन्धीत् अन्य निर्देशिकाहरुका प्रावधानहरुको व्याख्यासंग सम्बन्धित भएमा असन्तुष्ट निकायले आयोगसमक्ष विधिवत् रुपमा निवेदन पेश गर्नुपर्नेछ।

(२) यदि खुल्ला पहुँच आवेदक गुनासो समाधान समितिले प्रदान गरेको समाधानसंग सन्तुष्ट नभएको अवस्थामा आयोगसमक्ष विधिवत् रुपमा निवेदन पेश गर्न सक्नेछन्।

## २७. मुख्य कार्यका लागि समयसीमा

(१) यस निर्देशिका प्रकाशित भएको १२० दिन भित्र नोडल एजेन्सीले विभिन्न वर्गका खुल्ला पहुँच ग्राहकहरुको खुल्ला पहुँच सम्झौताको ढाँचा सहित खुल्ला पहुँचको विष्तृत कार्यविधि निर्माण गरी स्वीकृतिका लागि आयोगसमक्ष पेश गर्नेछ।

(२) आयोगले यस निर्देशिका प्रकाशित भएको १२० दिन भित्र खुल्ला पहुँच आवेदक तथा/अथवा खुल्ला पहुँच ग्राहकको गुनासो समाधान समितिको गठन गर्नेछ। प्राप्त गुनासोहरुको समाधानका निम्ति उक्त समितिले हरेक तीन महिनामा कम्तिमा एक बैठक आयोजना गर्नेछ। उक्त समितिले, आवश्यक परेमा, नोडल एजेन्सीलाई आफ्नो निर्णय परिवर्तन गर्न सिफारिस गर्न सक्नेछ। उक्त समितिले खुल्ला पहुँच कार्यविधि तथा निर्देशिकाको संसोधन सम्बन्धमा कुनै सुझावहरु भए सो तयार गरी आयोगसमक्ष पेश गर्न सक्नेछ।()

(३) आयोगले यस निर्देशिका जारी भएको १२० दिन भित्र सेड्युलिङ्, डिस्प्याच, ऊर्जा लेखाङ्कन गर्ने तथा राफसाफ गर्ने प्रणालीका सम्बन्धमा बेग्लै ब्यालेन्सिङ् तथा सेटलमेन्ट निर्देशिका (Balancing and Settlement Directive) तयार गर्नेछ।

(४) आयोगले यस निर्देशिका जारी भएको १२० दिन भित्र सेड्युलिङ् डेभिएसन सेटलमेन्ट मेकानिजम (Deviation Settlement Mechanism) सम्बन्धी बेग्लै निर्देशिका जारी गर्नेछ।

(५) आयोगले यस निर्देशिका जारी भएको १२० दिन भित्र मिटरको विशेषता (specification) जडान, मर्मत तथा सञ्चालन गर्ने तरिका सम्बन्धी बेग्लै निर्देशिका जारी गर्नेछ।

(६) आयोगले यस निर्देशिका जारी भएको १२० दिन भित्र ग्रीडसंगको आबद्धता (Connectivity) सम्बन्धी बेग्लै निर्देशिका जारी गर्नेछ।

(७) आयोगले यस क्याप्टिभ विद्युत उत्पादन केन्द्रको योग्यतासम्बन्धी मापदण्ड स्थापित गर्न बेग्लै निर्देशिका जारी गर्नेछ।

(८) यस निर्देशिका जारी भएको १८० दिन भित्र वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र प्रसारण अनुमति पत्र प्राप्त व्यक्तिले आवश्यक इन्टरफेस मिटर (interface meters) जडान गरी आफ्नो प्रणालीलाई विभाजन गरी त्यसको जानकारी आयोगसमक्ष पेश गर्नुपर्नेछ।

२८. हस्तक्षेपको अधिकार

खुल्ला पहुँच ग्राहक लगायत कुनै व्यक्तिले विद्युत प्रवेश (injection), प्राप्ति (drawl) तथा अवस्था परिवर्तन गरी कुनै अनैतिक कार्य गरेमा वा खेलबाड गरेमा आयोगले निर्देशन दिनेछ र सो निर्देशन सबै सम्बन्धित पक्षलाई वाध्यकारी हुनेछ।

२९. बाधा-अड्काउ फुकाउनेसम्बन्धि अधिकार



मस्यौदा

यस निर्देशिकाका कुनै पनि प्रावधान कार्यान्वयन गर्ने क्रममा कुनै बाधा उत्पन्न भएमा, आयोगले साधारण वा विशेष निर्देशनमार्फत, खुल्ला पहुँच ग्राहक, नोडल एजेन्सी, प्रसारण अनुमतिपत्र प्राप्त व्यक्ति, वितरण अनुमति पत्र प्राप्त व्यक्ति, उत्पादन कम्पनी, क्याप्टिभ विद्युत उत्पादन केन्द्र तथा विद्युत व्यापार अनुमतिपत्र प्राप्त व्यक्तिलाई आयोगले उपयुक्त ठाने अनुरुप अथवा बाधा-अड्काउ फुकाउन वान्छनीय भएअनुरुप ऐनको मर्म विपरित नहुने गरी कुनै गतिविधि गर्न निर्देशन दिन सक्नेछ।

**३०. संसोधन, खारेजी र बचाउको अधिकार**

(१) आयोगले कुनै पनि समयमा आफ्नै तजविजमा अथवा अन्य कारणले सरोकारवालाहरुलाई सुझाव तथा असहमति पेश गर्न उपयुक्त समय दिई यस निर्देशिकाका कुनै पनि प्रावधान परिवर्तन, हेरफेर गर्न, परिवर्तन गर्न, बदल्न, संसोधन गर्न अथवा निर्देशिकामा कुनै पनि प्रावधान थप गर्न सक्नेछ।

(२) आयोगले अपनाएको कार्यविधिको दुरुपयोग रोक्न वा न्याय स्थापनाका लागि आवश्यक देखिएमा कुनै निर्देशन दिन यस निर्देशिकाको कुनै पनि प्रावधानले आयोगको अधिकार सिमित गरेको वा आयोगमा निहित अधिकारलाई प्रभाव परेको मानिने छैन।

**३१. अन्य शर्तहरु**

(१) खुल्ला पहुँच प्रदान गरिएका निकायहरुले खुल्ला पहुँच निर्देशिका, नेपाल विद्युत ग्रीड संहिता, २०८० तथा आयोगले समय समयमा जारी गर्ने अथवा स्वीकृत गर्ने अन्य निर्देशनहरु पालना गर्नुपर्नेछ।

(२) खुल्ला पहुँच ग्राहकले ऐन, नियमावली तथा आयोगले समय समयमा जारी गर्ने निर्देशिका तथा निर्देशनहरु, दिग्दर्शन तथा निर्णयहरु पालना गर्नुपर्नेछ।

मस्यौदा

(३) नोडल एजेन्सीले प्राप्त भएका तथा कारवाही भएका खुल्ला पहुँचसम्बन्धि निवेदनहरुको अवस्थासम्बन्धी मासिक प्रतिवेदन आफ्नो वेबसाइटको "Open Access Information" नामक वेब-पेजमा कायम राखेछ।

मस्यौदा